# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# गैडाबाज, दैलेख

अर्धवार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम, २०७९

आर्थिक वर्ष : २०७९/०८०

<u>प्रतिवेदन</u>

**१) सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्ति नाम, थर र ठेगाना:** प्रदेश विज्ञापन एजेन्सी प्रालिका तर्फबाट

नविन शाही, महाबु
गाउँपालिका, ४ दैलेख

**२) सुनुवाई गरिएको विषयहरु :**

क) आर्थिक वर्ष २०७९/०८० मा विनियोजन नीति तथा कार्यक्रम ।

ख) चालु तथा पूँजीगत खर्च सम्बन्धि अर्धवार्षिक प्रगति विवरण ।

ग) सम्पन्न आयोजनाको प्रगति विवरण ।

**३) कार्यक्रम आयोजना स्थल :** महाबु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय प्राङ्गण ।

**४) कार्यक्रम आयोजना गरिएको मिति र समय :** २०७९ साल माघ २१ गते ।

**५) कार्यक्रम सञ्चालन गरिएको अवधि :** ५ घण्टा ।

**६) उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरीमा व्यहोरा |
|---|---|---|---|---|
| १. | भरत बहादुर | वार्षिक विनियोजन र | प्रमुख | बजेट किताब उपलब्ध |

| | | | | |
|---|---|---|---|---|
| | शाही, महाबु गाउँपालिका, ४ (नेकपा वडा कमिटी अध्यक्ष) | सम्पन्न योजनाको विवरण | प्रशासकीय अधिकृत, उदयराज उपाध्याय महाबु गाउँपालिका, दैलेख | गराईएको । साथै, तीमध्ये ४ वटा पूर्वाधार निर्माणका योजना सम्पन्न भएको । |
| २. | भीम बहादुर शाही, महाबु गाउँपालिका, ४ दैलेख | योजना निर्माणका लागि सुरुमा बजेट विनियोजन हुन्छ । तर, केही योजना पूरा भएका छैनन् । फेरी बजेट पनि विनियोजन गरिएको छैन । त्यस्ता योजना धेरै छन् । किन ? | अध्यक्ष, लछुमन गुरुङ, उपाध्यक्ष, मन्जु शर्मा (पाण्डे), प्र.प्र.अ., उदयराज उपाध्याय, वडाअध्यक्षहरु | आवश्यकताको आधारमा बजेट विनियोजन गर्न खोजिएकोले चालु आर्थिक वर्षमा केही अपूरा योजनामा बजेट विनियोजन हुन नसकेको हो । क्रमश: सबै अपूरा योजना पूरा गरिनेछन् । |
| ३. | सर्वानन्द जैशी, महाबु गाउँपालिका, ४ दैलेख (शिक्षक) | गैडाबाज-काँसिकाँध सडकको ढल निकास बिच बाटोमा किन ? | पूर्वाधार शाखा, ई. नविन थापा | सडक स्तरोन्नतीको निर्माण चरणमा भएकोले यस्तो हुन गएको र आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता । |
| ४. | जय बहादुर सुनार, महाबु गाउँपालिका, ४ दैलेख | क) भूमि व्यवस्थापन कसरी हुँदै छ ? सुकुम्बासी फारम किन भरिएन ?<br>ख) दलित लक्षित कार्यक्रम र उद्यमशीलताको लागि तालिम किन भएन ?<br>ग) स्वास्थ्य संस्थामा औषधी अभाव किन ? | अध्यक्ष, लछुमन गुरुङ, उपाध्यक्ष, मन्जु शर्मा (पाण्डे), प्र.प्र.अ., उदयराज उपाध्याय, वडाअध्यक्षहरु, स्वास्थ्य संयोजक, रमेश दशौंदी | भूमि व्यवस्थापनका लागि आयोगको निर्देशन अनुसार काम हुँदैछ ।<br>-दलित लक्षित केही कार्यक्रम अहिले सञ्चालन हुँदैछन् । आगामी दिनमा थप लक्षित कार्यक्रमहरु वार्षिक बजेटमा समेटिने प्रतिवद्धता ।<br>- स्वास्थ्य संस्थाहरुमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | औषधी खरिदका लागि प्रक्रिया सुरु भैसकेको र केही दिनमा उपलब्ध हुने जानकारी । |
| ५. | कनक सेन, महाबु गाउँपालिका १, दैलेख | -नागरिक बडापत्र कहिले आउछ?<br>-महाबु गाउँपालिकाको बजेट डिजिटल माध्यममा कहिले आउछ? | प्र.प्र.अ., उदयराज उपाध्याय | -नागरिक बडापत्र नयाँ बनाउनुपर्ने भएकोले केही समय लागेको हो ।<br>- बजेट गाउँपालिकाको वेवसाईटमा राखिएको छ । डिजिटल बोर्डको लागि आवश्यक तयारी भैरहेको छ । केही दिनमा नागरिक बडापत्र र डिजिटल बोर्डपनि प्रयोगमा ल्याउने छौं । |
| ६. | पुनम नेपाली, महाबु गाउँपालिका ३, दैलेख | सरस्वती आधारभुत विद्यालको पूर्वाधार निर्माणका लागि किन सुनुवाई भएन ? | अध्यक्ष, लछुमन गुरुङ, उपाध्यक्ष, मन्जु शर्मा (पाण्डे), प्र.प्र.अ., उदयराज उपाध्याय, वडाअध्यक्षहरु | आवश्यकताको आधारमा बजेट विनियोजन गर्दा सबै ठाउँ समेट्न नसकिएको र अब सुनुवाई गरिने छ । |
| ७. | जय बहादुर सुनार | -गरिब परिचयपत्र कसरी बाँडिएको हो ?<br>-कर बढाएको किन हो ?<br>-सम्बन्धित योजना निर्माण हुँदा सार्वजनिक सुनुवाई किन हुँदैनन् ? | अध्यक्ष, लछुमन गुरुङ, उपाध्यक्ष, मन्जु शर्मा (पाण्डे), प्र.प्र.अ., उदयराज उपाध्याय, | -गरिब परिचय पत्र आर्थिक वर्ष २०७५/०७६ मा तथ्यांक संकलन भएअनुसार अहिले वितरण भएको हो । केही फेरबदल भएको |

| | | | | |
|---|---|---|---|---|
| | | | वडाअध्यक्षहरु | छ । नागरिकमा पनि अवस्था फेरिएको हुँदा फरक पर्न गएको हो । आगामी दिनमा छुटेका घरधुरी समेटिने छन् ।<br>-प्रचलित कानून बमोजिम आवश्यक कर बढेको हो ।<br>-सम्बन्धित योजना निर्माण हुँदा सोही स्थलमै सार्वजनिक सुनुवाई गरिनुपर्छ । कतिपय ठाउँमा भएको छैन भने अब गराउन निर्देशन गर्नेछौं । |
| ८. | लिलाराम बडुवाल | -गाउँपालिकाका केही उल्लेखनीय काम छन् कि?<br>- | अध्यक्ष, लछुमन गुरुङ, उपाध्यक्ष, मन्जु शर्मा (पाण्डे), प्र.प्र.अ., उदयराज उपाध्याय, वडाअध्यक्षहरु | गाउँपालिकाले अहिलेसम्म गरेका सबै कामलाई प्रगतिका रुपमा लिन सकिन्छन् । तीमध्ये केही ठूला योजना छन् । जसलाई उल्लेखनीय कामका रुपमा लिन सकिन्छ । जस्तै, सडक स्तरोन्नती गर्ने । गैडाबाज बजार व्यवस्थापन गर्ने लगायतका कामहरु । |
| ९. | मीन प्रसाद न्यौपाने महाबु गाउँपालिका, १, दैलेख | -सरकारी नम्बर प्लेटको गाडीहरु मनोमानी किन प्रयोग गरिन्छन् ?<br>-महाबु अस्पतालमा रसिद दिने सिस्टम किन छैन? | अध्यक्ष, लछुमन गुरुङ, उपाध्यक्ष, मन्जु शर्मा (पाण्डे), प्र.प्र.अ., | -कार्यालयको कामकाजमा खटिएका कर्मचारीले नै सेतो नम्बर प्लेटका सवारीसाधनको प्रयोग |

| | | | | |
|---|---|---|---|---|
| | | -सडक मर्मत खर्च बढि हुनुको कारण के हो? | उदयराज उपाध्याय, वडाअध्यक्षहरु, स्वास्थ्य संयोजक, रमेश दशौंदी प्राविधिक शाखा, ई. नविन थापा | गर्ने गरेका छन् । कहिलेकाँही आपतकालीन अवस्थामा पारिवारिक काममा पनि प्रयोग हुने गरेका छन् । केही हदसम्म सुधार गर्नेछौं । -महाबु अस्पतालको आफ्नै आर्थिक व्यवस्थापन गर्न छुट्टै जिम्मेवारी प्रदान गर्दै छौं । त्यसको तयारी भैरहेको छ । अहिलेलाई सेवाग्राहीको हातमा रसिद नदिएपनि त्यसको अभिलेख रजिष्टरमा प्रष्ट राख्ने गरिएको छ । -यस वर्ष आएको अविरल वर्षातका कारण भएको क्षतीले गर्दा मर्मत खर्च बढि देखिएको हो । |
| १०. | नरेश्वर जैसी | वडामा भएका कामहरु सम्पन्न भएपछि मात्रै अन्तिम विल भुक्तानी दिनुहुन सुझाव छ । | अध्यक्ष, लछुमन गुरुङ, उपाध्यक्ष, मन्जु शर्मा (पाण्डे), प्र.प्र.अ., उदयराज उपाध्याय, वडाअध्यक्षहरु | |
| ११. | प्रताप बहादुर थापा | विद्युत लाईन सबैमा किन छैन ? भएका ठाउँमा किन | अध्यक्ष, लछुमन गुरुङ, | सामुदायिक विद्युतीकरण अन्तर्गत |

| | | | | |
|---|---|---|---|---|
| | महाबु गाउँपालिका, ४ दैलेख | बत्ति बलेन ?<br>-जनजाती लक्षित कार्यक्रम केही छन् कि?<br>-झोलुङ्गे पुलहरु के कसरी हुने हो ? | उपाध्यक्ष, मन्जु शर्मा (पाण्डे), प्र.प्र.अ., उदयराज उपाध्याय, वडाअध्यक्षहरु | काम भैरहेको छ । केही ठाउँमा बाँकी छ । अब सम्पन्न गर्न लाग्नेछौं ।<br>-जनजाती लक्षित कार्यक्रम भनेर छुट्याउने गरिएको छैन । सबैलाई समान हुने गरी केही आयआर्जनका कार्यक्रमहरु छन् ।<br>-झोलुङ्गे पुल निर्माणका लागि आवश्यक पहल भैरहेको छ । |
| १२. | वली प्रसाद उपाध्याय महाबु गाउँपालिका १ दैलेख | ताराघाट रुपाखेत सडक बजेट सुनिएन।<br>-शिक्षाको दरबन्दी किन रिक्त छन्?<br>-स.का. बालबविकास सहजकर्ताको न्यून तलवमै कहिलेसम्म ? | अध्यक्ष, लछुमन गुरुङ, उपाध्यक्ष, मन्जु शर्मा (पाण्डे), प्र.प्र.अ., उदयराज उपाध्याय, वडाअध्यक्षहरु शिक्षा तथा सरसफाई शाखा, प्रास. सन्तोष काफ्ले | -ताराघाट रुपाखेत सडक स्तरोन्नतीका लागि प्रदेश सरकारबाट टेण्डर प्रक्रिया भै केही दिनमा काम सुरु हुँदैछ ।<br>-शिक्षकको रिक्त दरबन्दी पदपुर्तिका लागि आवश्यक पहल भैरहेको छ । साथै, स.का. बालविकास सहजकर्ताको तलव वृद्धिका लागि स्रोत जुटाउने तयारी भैरहेको छ । |
| १३. | भिम बहादुर विष्ट महाबु गाउँपालिका | विद्यालय भवन र आईसिटी सामाग्री किन प्रयोगमा आएको पाइदैन ? | शिक्षा शाखा, प्रास सन्तोष काफ्ले | विद्यालयले खरिद गरेका आईसिटी ल्याव सञ्चालन गर्न ताकेता गरिरहेका छौं । केही |

| | | | | |
|---|---|---|---|---|
| | ३, दैलेख | | | ठाउँमा प्राविधिक त्रुटी देखिएका छन् । सुधार गर्नेछौं । |

साथै, प्रश्नकर्ताको प्रश्न, जिज्ञासा र सुझाव सम्बन्धी सवाल जवाफ सम्पन्न भएको थियो । उक्त कार्यक्रम गाउँपालिकाका अध्यक्ष श्री लछुमन गुरुङ्को अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष श्री मन्जुकुमारी शर्मा (पाण्डे), प्रमुख प्रशासकीय अधिकृत, सबै वडाका वडाअध्यक्षहरु, विषयगत शाखाका प्रमुख एवंम् प्रतिनिधीहरु, राजनीतिक दलका प्रतिनिधी, नागरिक समाज, विद्यालय व्यवस्थापन समिति, शिक्षक, समूह सहकारीका प्रतिनिधी लगायत ११५ जनाको सहभागीता रहेको थियो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री उदयराज उपाध्यायले वार्षिक योजनाहरु र तीनका आजका मितिसम्मको प्रगति विवरण सार्वजनिक गर्नुभएको थियो ।

गाउँपालिकाका प्रशासन योजना शाखा प्रमुख श्री अनिलकुमार पाण्डेले कार्यक्रमको उद्देश्य र औचित्यमाथी प्रकाश पार्नुभएको थियो ।

यो सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत जयबहादुर सुनारको संयोजकत्वमा भरतबहादुर शाही र भिमबहादुर शाही सदस्य रहने गरी प्रतिवद्धता अनुगमन समिति सर्वसहमतिले चयन समेत गरिएको छ ।

कार्यक्रमका सहभागीलाई चिया खाजा, स्टेशनरी र आवश्यक प्रबन्ध सहित अर्धवार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो । यसमा समन्वय सहकार्य गर्नुहुने सबै धन्यवादका पात्र हुनुहुन्छ ।

प्रतिवेदन दिएको मिति : २०७९।११।२८ सार्वजनिक सुनुवाई संयोजकको दस्तखत :




महाबु गाउँपालिकाको आ.व. २०७९/०८०
सार्वजनिक सुनुवाई कार्यक्रम
स्वागतम्




महाबु गाउँपालिकाको आ.व. २०७९/०८०
सार्वजनिक सुनुवाई कार्यक्रम
सहजीकरण:
प्रदेश विज्ञापन एजेन्सी


महाबु गाउँपालिकाको आ.व. २०७९/०८०
सार्वजनिक सुनुवाई कार्यक्रम
स्वागतम्
महाबु गाउँपालिका


सार्वजनिक
प्रदेश विज्ञापन एजेन्सी
स्वागतम्
महाबु गाउँपालिका





आज मिति २०७९ साल माघ महिनाको २७ गतेका दिन महावु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय दैलेखको आयोजना तथा प्रदेश विज्ञापन एजेन्सीको सहजीकरणमा "महावु गाउँपालिका को आर्थिक वर्ष २०७९।०८० को अर्धवार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम" गाउँपालिका अध्यक्ष श्री लघुमन गुरुङको अध्यक्षता, मा जनप्रतिनिधीहरु नागरिक सरोकारवालाहरु लगायत तपसिल बमोजिमका व्यक्तिहरुको समुपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति

श्री लघुमन गुरुङ . गा०पा० अध्यक्ष
श्री मन्जु कुमारी शर्मा (पाण्डे) उपाध्यक्ष
श्री उदय राज उपाध्याय - प्रमुख प्रशासकीय अधिकृत
प्रकाश राज थापा वडा अध्यक्ष - २
रेशम ब० थापा मगर वडा अध्यक्ष - ६
दिप बहादुर शाही वडा नं. ५ वडा अध्यक्ष
सर्वराज लोडी वडा नं ७ वडा अध्यक्ष
रामबहादुर शाही ४ नं. वडा अध्यक्ष
कृष्ण कुमार डाङ्गी ३ नं वडा अध्यक्ष
राजेश कुमार पहाडी स्वा शाखा प्रमुख
अनिल कुमार पाण्डे योजना शाखा प्रमुख
रविन्द्र कुमार खत्री - आर्थिक प्रशासन शाखा प्रमुख
प्रेम बहादुर पत्ताउने पशुपंक्षी विकास शाखा - प्रमुख
नविन थापा प्राविधिक शाखा प्रमुख
बल बहादुर विष्ट प्रमुख कृषि शाखा
इन्द्र कंडेल जिन्सी शाखा
सन्तोष कु. कार्की (शिक्षा शाखा)
सुनमाया सुनार महावु गाउँपालिका उद्योग शाखा प्रमुख
कमल कुमार थापा रोजगार संयोजक (रोजगार सेवा केन्द्र)
टिका कुमारी रोकाय सू. प्र. अधिकृत
पविना कु गिरी रावत को. पा. सहायक
हेमा कु. थापा फिल्ड सहायक
भक्त बहादुर खड्का वडा सचिव

राज ब० शाहि सह-सचिव
प्रेम ब० शाही महाबु गा०पा ४ मिताचौर
भिम ब० शाही —॥— —॥—
डम्बर ब० शाहि —॥— —
हिक्मत ब० शाहि —॥—
बखत ब० शाही —॥—
अमृत ब० शाही —॥—
प्रेम बहादुर रुकडे महाबु ४ वडा सचिव
विनोद थापा गा०पा० कृषि शाखा
हस्त बहादुर रावल क०अ० महाबु गाउपालिका, दैलेख
पदम कुमारी खत्री वडा सचिव महाबु २ वडारोला
कल्पना सुनार श्याम विकास कार्यक्रम उद्योग विकास शाखा महाबु।
भिम बहादुर विक श्री मालिका मा०वि० महाबु ३, बेली
बल ब० बयक वडा सदस्य ९
सोम बु[illegible]
चन्द्रप्रसाद आचार्य
नरेस्वर जैसी वडा नं ४ सचीव (नै.का.पार्टी)
डिल कुमारी रोकाय पोषण सहजकर्ता महाबु गा०पा०
मानकला लामा कार्यपालिका सदस्य वडा नं ४
सरिमता सिंह
रूपा [illegible] महाबु ४ वडा सदस्य
सरस्वती रोकाय महिला सदस्य ९
पार्वती खत्री
दीपकला सुनार वडा नं ९ दलित महिला सदस्य
दिपा सुनार वडा नं ४ दलित सदस्य
पाईला [illegible] महाबु ४
पशुपति सुनार महाबु २ सदस्य
सर्वानन्द जैसी गैडावाज मा.वि (शिक्षक)
भरत ब० शाही प्र०क०पा० एपातेवडा नं ६ वडा नं ३५
पुर्ण ब० शाही महाबु गा०पा ४
कर्ण ब० शाही महाबु गा०पा ४
राम प्रसाद पाण्डे
[illegible] सुनार

हर्क बहादुर खत्री महागु ४ वार्ड सदस्य
बसन्त कुमारी खत्री ,, २ कार्यपालिका सदस्य
स्वदानन्द आचार्य वार्ड ४
प्रताप बहादुर थापा बडो ४
जय ब० रस्तोय वडा ४
खगेन्द्र बहादुर थापा श्री गैडावाज मा०वि०शिक्षक
चन्द्रबहादुर शाही महागु ६ अस्पताल
गोपाल बहादुर मल्ल श्री जयन्ती मा.वि. खाँडागोरा शिक्षक
गोपाल प्र. पाण्डे महागु - ६ गैडावाज
भुवन के. खत्री महागु - २
लक्ष्मी प्र० आचार्य महागु - ४
भीम प्र. ज्ञवाली महागु १
खगेन्द्र प्रसाद आचार्य महागु ४
कुमार नेपाली कार्यपालिका सदस्य महागु गा.पा.
कृष्ण इश्वर सुनार महागु - ४
तेज बहादुर बुढा मगर महागु गा.पा.
दिपेन्द्र सिंह सैर प्रहरी चौकी गैडावाज
लिलाराम बडुवाल महागु - ४.
पुनम नेपाली ३ नं वडा सदस्य
कमल बहादुर बेन महागु वडोहेड
श्री केशवबहादुर सिंह श्री ने.रा. मा.वि. गितार्चौर प्र.अ.
श्री तारबहादुर शाही महागु ६ गितार्चौर
श्री बालि प्र० उपाध्याय महागु १ जाला प्र. वि. खाँडा
श्री खेमराज जोशी स. का. श्वुरा अपोरा ३ नं वडा
श्री हिम प्रसाद जैसी कोषशाखा ना.प्र.स. चौपो
श्री मणिराम जैसी महागु - ४
श्री नदाराम बुढा महागु गा०पा० गैडावाज
श्री हिम प्रसाद जैसी (पशुपंछी विकास शाखा)
श्री किसान धाँई महागु १
शिवराज पाण्डे महागु - ४

# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# गैडाबाज, दैलेख

**अर्धवार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम, २०७९**

**आर्थिक वर्ष : २०७९/०८०**

## साझा प्रतिवद्धताहरु:

महाबु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय दैलेखको आर्थिक वर्ष २०७९/०८० को अर्धवार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम आज मिति २०७९ साल माघ महिनाको २१ गते सम्पन्न भएको छ । यस सार्वजनिक सुनुवाई कार्यक्रम उठेका जिज्ञासा/प्रश्न/सुझावहरु बमोजिम हामी तपसिल बमोजिमहरु व्यक्तिहरु देहायका प्रतिवद्धताहरु आगामी सार्वजनिक सुनुवाई कार्यक्रमसम्म कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

- सार्वजनिक सेवा प्रवाहलाई थप व्यवस्थित गरिने छ ।
- प्रचलित ऐन, नियम, नीति, कार्यविधि अनुसार आगामी दिनमा काम गर्ने, गराईनेछ ।
- तोकादेशमा नभई लागत अनुमान गरेर मात्रै वार्षिक बजेट विनियोजन गरिनेछ ।
- पूर्वाधार निर्माणका काम सम्पन्न भएपछि मात्रै अनुगमन गरी मूल्यांकन प्रतिवेदनका आधारमा रकम भुक्तानी दिइनेछ ।
- एक महिनाभित्र गाउँपालिका कार्यालयभित्र सबैले देख्नेगरी नागरिक बडापत्र राखिनेछ ।
- करार कर्मचारी छनौट गर्दा प्रचलित कानून बमोजिम गरिनेछ ।
- प्रत्येक योजनाको स्थलगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने गराईनेछ ।
- 
- कार्यविधि अनुसार फाराम पठाएका अव्यवस्थित बस्ती तथा सुकुम्बासी जग्गा व्यवस्थापनका लागि पठाइसकिएकोमा थप पहल गरिनेछ ।
- ९८ प्रकारका ओषधी खरिदका लागि ई-विड भैसकेको र वडाका स्वास्थ्य चौकी व्यवस्थित गरी औषधी वितरणलाई व्यवस्थापन गरिने छ ।
- प्रत्येक वडामा लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

❖ सबै विद्यालयको अनुगमन टोली गठन भै अनुगमनलाई तिव्रता दिदैं आवश्यक कारबाही गरिनेछ ।

❖ ताराघाट-रुपाखेत सडक स्तरोन्नतीका लागि काम सुरुवात गरिनेछ ।

❖ गाउँपालिका क्षेत्रभित्र आवश्यक भएका झोलुङ्गे पुलहरु निर्माणका लागि प्रक्रिया अगाडी बढाईनेछ ।

❖ गैडाबाज माध्यामिक विद्यालयको रंगरोगन तथा मर्मत सम्भार गरिनेछ ।

❖ डिजिटल बोर्डका लागि आगामी वर्षको वार्षिक बजेटमा समावेश गरिनेछ ।

❖ गाउँपालिकाको निर्माणाधीन २ कोठे प्रशासकीय भवन लागन स्टिमेट अनुसार काम गर्न गराउन लगाई सोही अनुसार बिल उठाईनेछ ।

❖ विद्युतीकरणको काम चाँडै गरिनेछ ।

❖ सरकारी नम्बर प्लेटको सवारी साधनको दुरुपयोग नभएको र आगामी दिनमा थप सचेत गर्ने गराईनेछ ।

❖ महाबु अस्पताल संचालन तथा व्यवस्था समिति मार्फत खर्च तथा आम्दानको विवरण तयार पारी सार्वजनिक गराईनेछ ।

<u>हस्ताक्षरकर्ताहरु:</u>

१) अध्यक्ष : लछुमन गुरुङ

२) उपाध्यक्ष : मन्जु कुमारी शर्मा (पाण्डे)

३) प्रमुख प्रशासकीय अधिकृत : उदयराज उपाध्याय

४) १ नं. वडाअध्यक्ष : सर्वराज साकी

५) २ नं. वडाअध्यक्ष : प्रकाशराज थापा

६) ३ नं. वडाअध्यक्ष : कृष्णकुमार दाहाल

७) ४ नं. वडाअध्यक्ष : राम बहादुर शाही

८) ५ नं. वडाअध्यक्ष : दिपबहादुर शाही

९) ६ नं. वडाअध्यक्ष : रेशमबहादुर थापा मगर ।